अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७६।०२।१३ गते

प्रेस विज्ञप्ति

विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

नापी कार्यालय लगनखेल ललितपुरमा कार्यरत नापी सर्वेक्षक उपेन्द्र प्रसाद यादवले जग्गा नापजाँच गर्ने काममा आलटाल गरी रेखाङ्कन गर्ने प्रयोजनको लागि विभिन्न बहाना बनाई सेवाग्राहीसँग रू.३०,०००। -(तीस हजार) घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिइ गएको टोलीले निज उपेन्द्र प्रसाद यादवले सोही कार्यालयमा कार्यरत कार्यालय सहयोगी राजन विष्टलाई उक्त घुस रकम लिन लगाएकोमा निज राजन बिष्टले सेवाग्राहीसँग रू.३०,०००। -(तीस हजार) घुस बापतको रकम लिइसकेको अवस्थामा निजहरू नापी सर्वेक्षक उपेन्द्र प्रसाद यादव र कार्यालय सहयोगी राजन विष्टलाई उक्त घुस रकम सहित ललितपुर महानगरपालिका स्थित नापी कार्यालय, लगनखेल ललितपुरको कार्यालय परिसरबाट मिति २०७६।०२।१२ गते नियन्त्रणमा लिई अनुसन्धान भैरहेको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता